ISSN: 3102-0941 (Print)

भाषा आयोगको सहकर्मी-समीक्षित जर्नल

भाषालोक

वर्ष ५, अङ्क १:२५-३२, चैत २०८२

# सुदूरपश्चिम प्रदेशमा भाषिक जनगणनामा देखिएका परिवर्तनहरू

**डा. पुष्करराज भट्ट**

सदस्य, भाषा आयोग

pushkarbhatta80@gmail.com

(प्राप्त मितिः २०८२/१०/२१; स्वीकृत मितिः २०८२/१२/०१)

**लेखसार**

यस लेखमा राष्ट्रिय जनगणना सन् २०११ एवम् सन् २०२१ को प्रतिवेदनमा सुदूरपश्चिम प्रदेशका भाषाहरूको अवस्थालाई प्रस्तुत गरिएको छ। प्रस्तुत लेखमा भाषिक जनसङ्ख्यामा आएको उतारचढाव, उतारचढावका कारणको विश्लेषण गर्नाका साथै प्रदेशको भाषिक विकासका सन्दर्भमा देखिएका समस्याको पहिचान र निराकरणका उपायको बारेमा समेत विश्लेषण गरिएको छ। प्रदेश भाषाका सम्बन्धमा हालसम्म भएका प्रगतिको विश्लेषणका साथै भविष्यमा गरिनुपर्ने कामका विषयमा समेत निष्कर्ष प्रस्तुत गरिएको छ। यस अध्ययनमा प्रदेशका भाषाको अवस्था प्रस्तुत गर्नाका साथै भाषिक विकासको स्थितिलाई दर्शाइएको छ। यस प्रदेशको भाषिक विकासका निमित्त के कस्ता उपाय अवलम्बन गर्नुपर्छ भन्ने विषयमा चर्चा गरिएको हुँदा यस अध्ययनले प्रदेश भाषा सम्बन्धित छलफललाई थप बल पुऱ्याउने अपेक्षा गरिएको छ। यस लेखमा यस प्रदेशमा विगत दुई राष्ट्रिय जनगणनामा विभिन्न भाषाहरूको उपस्थिति के कस्तो रहेको छ ? समयक्रम सँगै भाषाहरूको अवस्थामा के कस्तो परिवर्तन आएको छ? भाषिक परिवर्तनका आन्तरिक एवम् बाह्य प्रभावहरू केकस्ता रहेका छन्? सुदूरपश्चिम प्रदेशको भाषिक जटिलताको समाधानका उपायहरू कसरी खोज्न सकिन्छ? भन्ने विषयमा चर्चा गरिएको छ।

**शब्द कुञ्जीः** *भूगोल, जिल्लागत भाषा, भाषिक विभाजन, हीनताबोध, बोधगम्यता, भाषावैज्ञानिक*

## १. विषय प्रवेश

सुदूरपश्चिम प्रदेश वि.सं. २०७२ असोज ३ मा लागू भएको नेपालको नयाँ संविधानद्वारा स्थापना भएको सात प्रदेशमध्ये एक हो। यसको सीमाना उत्तरमा चीनको तिब्बत स्वायत्त प्रदेश, पूर्वमा कर्णाली प्रदेश र लुम्बिनी प्रदेश, पश्चिममा भारतको उत्तराखण्ड र दक्षिणमा उत्तर प्रदेश राज्यसँग जोडिएको छ। यो प्रदेशले १९,५३९ वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ। यस प्रदेशले नेपालक क्षेत्रफलको लगभग १३.२२ प्रतिशत भूभाग ओगटेको छ। प्रारम्भमा प्रदेश नम्बर ७ का रूपमा चिनिएको यो प्रदेशको नाम प्रदेश सभाले वि.सं. २०७५ असोज १२ मा सुदूरपश्चिम प्रदेशको नाम राख्नुका साथै कैलाली जिल्लाको गोदावरी नगरपालिकाको तेघरीलाई प्रदेशको राजधानीका रूपमा घोषणा गरेको थियो भने प्रदेशको अस्थायी राजधानीका रूपमा धनगढी रहेको छ।

## खण्ड दुईः भाषा संरक्षण तथा संवर्धन

यस प्रदेशमा विभिन्न भाषा बोल्ने नागरिकको उपस्थिति रहेको छ। यस प्रदेशमा हिमाल, पहाड र तराईको भूभाग रहेकोले यहाँ भाषिक विविधता रहेको पाइन्छ। वि.सं. २०६८ (सन् २०११) को जनगणनामा जिल्लागत भाषिक सर्वेक्षण दिइएको छ भने वि.सं. २०७८ (सन् २०२१) को जनगणनाअनुसार प्रदेशगत एवम् जिल्लागत भाषिक सर्वेक्षण दिइएको छ। विगतमा नेपालको प्रशासनिक विभाजन गर्ने क्रममा विगतको सुदूर पश्चिमाञ्चल विकास क्षेत्र रहेको भूगोल नै पछिल्लो समयमा सुदूरपश्चिम प्रदेश रहेको भूगोल भएकोले यसले गर्दा यहाँको स्थानीय भूगोल, संस्कृति, जनजीवनका साथै भाषामा पनि खासै परिवर्तन आएको छैन। यहाँ उत्पत्ति भएका स्थानीय भाषामा जनसङ्ख्यामा केही फेरबदल भएको छ। यसबाहेक अल्पसङ्ख्यक भाषा पनि जीवित नै रहेका छन्। कतिपय बाहिर भूगोलमा उत्पत्ति भएका, भाषाको आगमनले यस भूगोलको बहुसांस्कृतिक र बहुभाषिक अवस्थाको प्रतिनिधित्व गरेका छन्।

### २. वि.सं. २०६८ (सन् २०११) को जनणनामा सुदूरपश्चिमका प्रमुख भाषाहरूको उपस्थिति

वि.सं. २०६८ (सन् २०११) को जनगणनाअनुसार डोटेली भाषाको उपस्थिति बाजुरा जिल्लामा १११, बझाङ जिल्लामा ९६८, अछाम जिल्लामा ५०९, डोटी जिल्लामा १,९०,६९१, कैलाली जिल्लामा १४४, ९०७, कञ्चनपुर १,७९,११२ डडेल्धुरा जिल्लामा १,३१,०८५, बैतडी जिल्लामा २,०६३ एवम् दार्चुला जिल्लामा १, २७, ८०१ गरेर ७,७७,२४७ रहेको छ। यसै जनगणनाअनुसार बैतडेली भाषाको उपस्थिति बाजुरा जिल्लामा ११, बझाङ जिल्लामा ३२, अछाम जिल्लामा ४०, डोटीमा ३८१, कैलालीमा २७९४, कञ्चनपुर २३४६९, डडेल्धुरामा ३१, बैतडीमा २,४५,०६०, दार्चुलामा २० गरेर २,७१,८३८ रहेको छ। थारु भाषाको उपस्थिति बाजुरा जिल्लामा ६२, बझाङ जिल्लामा ११, अछाम जिल्लामा १५१, डोटी जिल्लामा ३२५, कैलाली जिल्लामा ३१८८३७, कञ्चनपुर र जिल्लामा १,१४,७७३, डडेल्धुरा जिल्लामा ७६ एवम् बैतडी जिल्लामा २९ गरेर ४,३४,२६४ जनसङ्ख्या रहेको पाइन्छ। अछामी भाषाका वक्ता सङ्ख्या बाजुरा, बझाङ, डडेल्धुरा र दार्चुलामा शून्य रहेको कुरा जनगणनाबाट प्रस्तुत भएको देखियो। यो भाषाका वक्ता अछाममा ८३,५३९, डोटीमा २५०, कैलालीमा ४८,४०४, कञ्चनपुर १०, २९६ गरेर १,४२,४८९ रहेको पाइयो। राष्ट्रिय जनगणना, २०६८ अनुसार यस प्रदेशमा बझाङी भाषा बाजुरा, डडेल्धुरा र दार्चुलामा शून्य रहेको पाइयो भने बझाङ ४५, ८७२, अछाममा १२, डोटीमा १६६, कैलाली जिल्लामा ३०१९, कञ्चनपुर जिल्लामा १८, १८५, बैतडीमा १७२ गरेर ६७,४२७ वक्ता सङ्ख्या रहेको पाइयो।

यसरी नै यसै सर्वेक्षणअनुसार नेपाली भाषा बाजुरामा १३३६०६, बझाङ जिल्लामा १,४७,३५३, अछाम जिल्लामा १७०९४५, डोटी जिल्लामा १५, ७१८, कैलाली जिल्लामा २,१५,९५२, कञ्चनपुर जिल्लामा ७२,५९६, डडेल्धुरा जिल्लामा ८,२४४, बैतडी जिल्लामा २५१७ एवम् दार्चुला जिल्लामा ३,३९१ गरेर ७,७०,३२२ वक्ता सङ्ख्या रहेका छन्। दार्चुलेली भाषाका वक्ता बाजुरा, बझाङ, अछाम, डडेल्धुरा जिल्लामा शून्यको अवस्थामा देखियो। यो भाषाका वक्ता सङ्ख्या डोटी जिल्लामा १२०, कैलाली जिल्लामा ५६६,

कञ्चपुर जिल्लामा ४,७५६, बैतडीमा ३८ एवम् दार्चुला जिल्लामा ४१४ गरेर ५,८९४ रहेका छन्। सन् २०११ को जनगणनाअनुसार बाजुरेली भाषाको सङ्ख्या बाजुरा, बझाङ, डोटी, बैतडी, दार्चुला जिल्लामा शून्य रहेको छ। यस भाषाका वक्ता अछाम जिल्लामा १४७, कैलाली जिल्लामा ३,६५०, कञ्चनपुर जिल्लामा ६,८३८ गरेर १०, ६३५ रहेका छन्। डडेल्धुरेली भाषाका वक्ता बाजुरा, बझाङ, अछाम, डोटी एवम् डडेल्धुरामा शून्य रहेका छन्। यस भाषाका वक्ता कैलाली जिल्लामा ३५८ र कञ्चनपुर जिल्लामा १२८ गरेर ४८६ जना रहेका छन्।

**३. वि.सं. २०७८ (सन् २०२१) को जनणनामा सुदूरपश्चिमका प्रमुख भाषाहरूको उपस्थिति**

वि.सं. २०७८ सालको राष्ट्रिय जनगणनाअनुसार डोटेली भाषा बाजुरामा १०५, बझाङमा ४६,१६४, अछाम जिल्लामा २२९०, डोटी जिल्लामा १,८३,३९४ कैलालीमा १,४१,०८०, कञ्चनपुर ६७, ६७१ डडेल्धुरा जिल्लामा ५५,७२७ बैतडी जिल्लामा ४,६५१ एवम् दार्चुला जिल्लामा १४,८८८ गरेर ५१५९७० वक्ता रहेका छन्। बैतडेली भाषा बाजुरामा ६१, बझाङमा ६१२, दार्चुलामा १,५५९, बैतडीमा २,३३,२८१ डडेल्धुरामा १७,५५५, डोटीमा १५१३, अछाममा २०५, कैलालीमा २७२८६ एवम् कञ्चनपुर १,२२,०९२ गरेर ४,०४, १६४ वक्ता रहेका छन्। थारु भाषाका वक्ता बाजुरामा ९२, बझाङमा १२६, दार्चुलामा १८७, बैतडीमा १६५, डडेलधुरामा २०८, डोटीमा ३३२, अछाममा २५२, कैलालीमा ३,२७,३४२ एवम् कञ्चनपुर ७३, ६६३ गरेर ४,०२,३६७ रहेका छन्। अछामी भाषाका वक्ता बाजुरामा ३९१, बझाङमा ९६, दार्चुलामा ३४, बैतडीमा ४७, डडेल्धुरामा १३०४, डोटीमा १,५३६, अछाममा २१८८२३, कैलाली जिल्लामा १,४०,३५३ एवम् कञ्चनपुर जिल्लामा १६, २९२ गरेर ३,७८,८७६ रहेका छन्। बझाङी भाषाका बाजुरामा १३३, बझाङमा १,३८,७६२, दार्चुलामा १२६, बैतडीमा ५३९, डडेल्धुरामा ११, ६२१, डोटीमा ७७७, अछाममा १४१, कैलालीमा २३,८७२, कञ्चनपुर ३३, ७३६ गरेर २०,९७,७०८ रहेका छन्। नेपाली भाषाका वक्ता बाजुरामा २७६३, बझाङमा १०३४, दार्चुलामा २,६६०, बैतडीमा १२३९, डडेल्धुरामा ५,८९०, डोटीमा ७,३६७, अछाममा १,७३७, कैलालीमा १,०८,४५८ एवम् कञ्चनपुर ५०,९२८ गरेर १,८२,०७६ रहेका छन्।

राष्ट्रिय जनगणना, २०२१ अनुसार दार्चुलेली भाषाका वक्ता बाजुरामा ३२, बझाङमा १२१, दार्चुलामा ११,८१०, बैतडीमा १,४९२, डडेल्धुरामा २,९९३, डोटीमा ३०५, कैलालीमा १,८६९, कञ्चनपुर २९,५५७ गरेर १, ५३,२४५ रहेका छन्। राना थारु भाषाका वक्ता बाजुरा, बझाङ, दार्चुला, बैतडी, डडेल्धुरा, डोटी जिल्लामा शून्य अवस्थामा रहेको देखिन्छ। राना थारु भाषाका वक्ता कैलाली जिल्लामा १९, ३२५ एवम् कञ्चनपुर जिल्लामा ५७, ४१२ गरेर ७८, ०१२ रहेका छन्। सन् २०११ को जनगणनामा रानाथारुको वक्तालाई पनि थारु भाषाको वक्ताका रूपमा प्रस्तुत गरिएको थियो। सन् २०२१ को जनगणनामा आएर थारु भाषाका वक्ता र राना थारु भाषाका वक्ताको अलगअलग प्रस्तुत भएको पाइयो। डडेल्धुरेली भाषाका वक्ता बाजुरामा १४, बझाङमा ४५, दार्चुलामा ५९, बैतडीमा २६४, डडेल्धुरामा ३७,८१६, डोटीमा ६,६२, अछाममा ५०, कैलालीमा १२,६०१ एवम् कञ्चनपुर २३, १६० गरेर ७४,६७२ रहेका छन्।

## खण्ड दुईः भाषा संरक्षण तथा संवर्धन

### ४. जनगणनामा प्रस्तुत भाषिक परिदृश्य एवम् कारक तत्वहरू

राष्ट्रिय जनगणना सन् २०११ एवम् सन् २०२१ को जनगणनाले यस क्षेत्रको भाषिक अवस्था परिवर्तन भएको छ। यस परिवर्तनले यहाँको भाषाको वास्तविक स्थिति एकातिर प्रस्तुत भएको छ भने अर्कोतिर अनेकन प्रश्न पनि सिर्जना गरेको छ। एउटै जिल्लामा एकै भाषा बोल्ने व्यक्तिहरूले आफ्नो भाषा कसैले कुनै भाषा र कसैले अर्को भाषा भएको जनाएको पनि पाइयो। यस अध्ययनमा भाषिक जनगणनामा देखिएका परिवर्तन, यसका कारण र देखिएका समस्याको समाधानका उपायलाई प्रस्तुत गरिएको छ।

### ४.१ नेपाली भाषाका वक्तामा कमी

राष्ट्रिय जनगणना सन् २०११ एवम् २०२१ मा प्रस्तुत आँकडाअनुसार विभिन्न भाषाहरूको अवस्था परिवर्तन भएको पाइन्छ। राष्ट्रिय जनगणना सन् २०११ अनुसार नेपाली भाषा बाजुरा, बझाङ, अछाममा पहिलो, डोटी, कैलाली, बैतडी, दार्चुला, डडेल्धुरामा दोस्रो, कञ्चनपुर जिल्लामा तेस्रो स्थानमा रहेको देखिन्छ। यसरी जनगणना सन् २०११ को आँकडाअनुसार नेपाली भाषाले यस प्रदेशका सबै जिल्लामा आफ्नो प्रमुख स्थान बनाएको देखिन्छ। राज्यले लामो समयसम्म नेपाली भाषालाई एकल रूपमा राष्ट्र भाषाको मान्यता दिनु, पश्चिम नेपालका भाषाहरू नेपाली भाषाको पूर्वरूप भएको भनेर पाठ्यक्रममा अध्ययन अध्यापन गराइनु, मातृभाषाको प्रयोग गर्दा सानो भइने पो हो कि भन्ने हीनताबोधका कारण नेपालीतर्फ आकर्षित हुनुले पनि नेपाली भाषाको वर्चस्व रहेको देखिन्छ। सन् २०२१ को जनगाण्नाअनुसार नेपाली भाषा समग्रमा छैठौं स्थानमा रहेको छ। यो भाषा डोटी जिल्लामा दोस्रो स्थानमा, अछाम, बाजुरा, बझाङ, दार्चुलामा तेस्रो स्थानमा, बैतडी, कैलालीमा चौथो स्थानमा, कञ्चनपुर, डडेल्धुरामा पाँचौं स्थानमा रहेको छ। पछिल्लो समयमा भाषिक स्वअधिकारको खोजी र नेपालीइतर मातृभाषाको प्रभाव विस्तार भएको पाइन्छ। नेपालको संविधानको प्रस्तावनामा नेपाललाई बहुभाषिक राष्ट्रको रूपमा प्रस्तुत भएको (नेपालको संविधान, २०७२, पृ. १) र भाग १, प्रारम्भिकको धारा ६. राष्ट्रभाषामा नेपालमा बोलिने सबै मातृभाषाहरू नेपाली भाषा हुनेछन् (नेपालको संविधान, २०७२, पृ.३) भनेकोले प्रदेशका मातृभाषाले पनि राष्ट्रभाषाको रूपमा परिचित हुने अवसर पाए। विगतमा पश्चिम नेपालका भाषालाई नेपालीकै भाषिकाका रूपमा अध्ययन-अध्यापन गराएका कारण यस क्षेत्रका भाषाको अलग्गै अस्तित्वको कुरा जनसमक्ष आएको थिएन। राष्ट्रिय जनगणना, २०११ आउँदासम्म पनि नेपालीको प्रभाव बलियो रहेकोमा सन् २०२१ को राष्ट्रिय जनगणनामा भने नेपालीको अवस्था कमजोर रहेको छ।

### ४.२ डोटेली भाषाको अवस्थामा परिवर्तन

वि.सं. २०६८ (सन् २०११) को जनगणनाअनुसार डोटेली भाषी वक्ताको उपस्थिति बाजुरा जिल्लामा १११, बझाङ जिल्लामा ९६८, अछाम जिल्लामा ५०९, डोटी जिल्लामा १,९०,६९१, कैलाली जिल्लामा १४४, ९०७, कञ्चनपुर १,७९,११२ डडेल्धुरा जिल्लामा १, ३१,०८५, बैतडी जिल्लामा २,०६३ एवम् दार्चुला जिल्लामा १,२७, ८०१ गरेर ७, ७७,२४७ रहेको छ।

यसरी नै वि.सं. २०७८ (सन् २०२१) को राष्ट्रिय जनगणनामा डोटेली भाषाका बाजुरामा १०५, बझाङमा ४६,१६४, अछाम जिल्लामा २२९०, डोटी जिल्लामा १,८३,३९४ कैलालीमा १,४१,०८०, कञ्चनपुर ६७, ६७१ डडेल्धुरा जिल्लामा ५५,७२७ बैतडी जिल्लामा ४,६५१ एवम् दार्चुला जिल्लामा १४,८८८ गरेर ५१५९७० वक्ता रहेका छन्। अछाममा सन् २०११ मा ५०९ भएकोमा सन् २०२१ मा २,२९० भएको पाइयो। अछाममा डोटेली भाषाका वक्ता सङ्ख्या बढे पनि त्यो अस्वभाविक वृद्धि भने होइन। डोटी जिल्लामा सन् २०११ मा १९०, ६९१ रहेकोमा सन् २०२१ मा १, ८३, ३९४ वक्ता सङ्ख्या रहेको पाइयो। यस हिसाबले डोटी जिल्लामा डोटेली भाषाका वक्ता सङ्ख्यामा ७,२९७ कमी रहेको पाइयो। यसको कारणका रूपमा पछिल्लो समयमा पहाडबाट तराईमा बसाइसराइँ गर्ने प्रवृत्ति नै प्रमुख हो। कैलाली जिल्लामा सन् २०११ मा डोटेली भाषाका वक्ता १,४४,९०७ रहेकोमा सन् २०२१ मा आएर १,४१,०८० वक्ता रहेको देखियो। कैलाली जिल्लामा पछिल्लो जनगणनामा ३,८२७ वक्ता घटेको देखियो। कञ्चनपुर जिल्लामा सन् २०११ मा डोटेली भाषाका वक्ता १,७९,११२ रहेकोमा सन् २०२१ मा आएर ६७,६७१ वक्ता सङ्ख्या गणना भएको पाइयो। यस हिसाबले कञ्चनपुर जिल्लामा पछिल्लो जनगणनामा १,११,४४१ वक्ता सङ्ख्या घटेको देखियो। विगतमा आफ्नो मातृभाषा डोटेली भाषा भनेर चिनाउने मानिसले पछिल्लो जनगणनामा आफ्नो जिल्लाको भाषालाई मातृभाषाको रूपमा प्रस्तुत गर्दा यस्तो अवस्था सिर्जना हुन पुगेको देखिन्छ। बैतडी जिल्लामा डोटेली भाषा सन् २०११ मा २,०६३ वक्ता सङ्ख्या रहेकोमा सन् २०२१ मा ४,६५१ देखिनुले यस भाषाको वक्ता सङ्ख्या केही बढेको देखिन्छ। डडेल्धुरा जिल्लामा डोटेली भाषाका वक्ता सन् २०११ को जनगणनामा १,३१,०८५ रहेकोमा सन् २०२१ मा ५५,७२७ वक्ता सङ्ख्या पाइयो। यसरी डडेल्धुरा जिल्लामा पनि डोटेली भाषाको सङ्ख्यामा ७५,३५८ कमी भएको देखिन्छ। त्यसरी नै दार्चुला जिल्लामा सन् २०११ को जनगणनामा डोटेली भाषाका वक्ता १,२७,८०१ रहेकोमा सन् २०२१ मा आएर १४,८८८ मात्र वक्ता सङ्ख्या रहेको देखियो। यस हिसाबले दार्चुला जिल्लामा डोटेली भाषाको वक्ता सङ्ख्या १,१२,९१३ घटेको पाइयो। यसरी हेर्दा सन् २०११ को राष्ट्रिय जनगणनाभन्दा सन् २०२१ को जनगणनामा आश्चर्यजनक परिवर्तन पाइयो। सन् २०११ मा डोटेली भाषा बलियो स्थानमा रहेकोमा सन् २०२१ को राष्ट्रिय जनगणनामा आइपुग्दा केही कमजोर बन्न पुगेको छ। यति हुँदाहुँदै पनि डोटेली भाषा यस क्षेत्रको एक नम्बरको मातृभाषाका रूपमा रहेको छ।

### ४.३ प्रदेशका पहाडीमूलका अन्य भाषाको अवस्था

सन् २०११ को जनगणनामा बैतडेली भाषा बैतडी, कैलाली र कञ्चनपुर प्रभावशाली देखियो भने सन् २०२१ को जनगणनामा क्रमशः बैतडी, कञ्चनपुर, कैलाली र डडेल्धुरामा प्रभावशाली देखियो। बैतडीमा सन् २०११ मा बैतडेली भाषाका वक्ता सङ्ख्या २,४५,०६० रहेकोमा सन् २०२१ मा आएर २,३३,२८१ वक्ता सङ्ख्या पाइयो। यसरी सन् २०११ भन्दा सन् २०२१ मा ११,७७९ घटेको पाइयो। कञ्चनपुर जिल्लामा डोटेली भाषाका वक्ता सङ्ख्या सन् २०११ मा २३,४६९ रहेकोमा सन् २०२१ मा १,२२,०९२ रहेको पाइयो।

यसरी सन् २०११ भन्दा सन् २०२१ मा ९८,६२३ वृद्धि भएको पाइयो। कैलाली जिल्लामा सन् २०११ मा बैतडेली भाषाका वक्ताको सङ्ख्या २,७९४ रहेकोमा सन् २०२१ मा आएर २७,२८२ भएको पाइयो। यसरी पछिल्लो जनगणनामा २४,४८८ जनसङ्ख्या वृद्धि भएको पाइयो। डडेल्धुरा जिल्लामा सन् २०११ मा वक्ता सङ्ख्या ३१ रहेकोमा सन् २०२१ मा आएर १७, ५५५ भएको पाइयो। यस्तै डडेल्धुरा जिल्लामा बैतडेली भाषा पछिल्लो जनगणनामा १७,५२४ वृद्धि भएको पाइयो। यसबाहेक पनि बाजुरा, बझाङ, अछाम, डोटी र दार्चुला जिल्लामा बैतडेली भाषाका वक्ताको सङ्ख्या सामान्य रूपमा वृद्धि नै भएको पाइन्छ।

सन् २०११ को राष्ट्रिय जनगणनामा अछामी भाषाका वक्ता बाजुरा, बझाङ, डडेल्धुरा र दार्चुला जिल्लामा शून्य देखाइएको छ। यस भाषाका अछाम जिल्लामा सन् २०११ मा ८३,५३९ वक्ता सङ्ख्या भएकोमा सन् २०२१ मा आएर २,१८,८२३ भएको देखिन्छ। यसरी हेर्दा अछाम जिल्लामा पछिल्लो जनगणनामा अछामी भाषाको सङ्ख्यामा १,३५,२८४ बढेको देखिन्छ। यसरी नै कैलाली जिल्लामा सन् २०११ मा अछामी भाषाका वक्ता ४८,४०४ रहेकोमा सन् २०२१ मा आएर १,४०,३५३ भएको देखिन्छ। कैलाली जिल्लामा पछिल्लो जनगणनामा ९१,९४९ अछामी भाषाका वक्ता सङ्ख्या बढेको देखिन्छ। कञ्चनपुर जिल्लामा सन् २०११ मा १०,२९६ वक्ता सङ्ख्या रहेकोमा सन् २०२१ मा १६, २९२ वक्ता सङ्ख्या भएको देखिन्छ। यसरी कञ्चनपुर पनि अछामी भाषाका वक्ता पछिल्लो जनगणनामा ५,९९६ बढेको देखिन्छ। सन् २०११ को जनगणनामा बझाङगी भाषा सबैभन्दा बढी बझाङ त्यसपछि कञ्चनपुर र कैलालीमा प्रभावी देखिन्छ। यो भाषा बझाङमा सन् २०११ मा ४,५८,७२ रहेकोमा सन् २०२१ मा आएर १,३८,७६८ भएर ९२,८९६ ले वृद्धि भएको पाइयो। कैलालीमा सन् २०११ म ३०१९ वक्ता सङ्ख्या रहेकोमा सन् २०२१ मा २३,८७३ भएर २०८५४ वक्ता सङ्ख्या बढेको देखियो। त्यसरी नै कञ्चनपुर जिल्लामा सन् २०११ मा १८,१८५ रहेकोमा सन् २०२१ मा ३३,७२६ भएर १५,५४१ बढेको पाइयो।  दार्चुलेली भाषा सन् २०११ को जनगणनामा दार्चुलामा ४१४ वक्ता सङ्ख्या रहेकोमा सन् २०२१ मा आएर ११,८१० मा पुगेको देखिन्छ। यो सङ्ख्या पहिलेभन्दा पछिल्लोमा ११३९६ ले वृद्धि भएको देखिन्छ। कञ्चनपुर ४,७५६ वक्ता सङ्ख्याबाट २९,५५७ मा पुगेर २४,८०१ ले वृद्धि भएको देखिन्छ। कैलालीमा ५६६ वक्ता सङ्ख्याबाट ६,८६९ मा पुगेर ६,३०३ मा बढोत्तरी भएको पाइन्छ। बाजुरेली भाषा बाजुरामा सन् २०११ मा शून्य भएकोमा पछि सन् २०२१ मा ९५,०९८ गणना भएको पाइन्छ। यसरी नै कैलाली जिल्लामा ३,६५० बाट बडेर १७,९८८ पुगेर १४,३३८ वृद्धि भएको छ भने कञ्चनपुर ६,८३८ बाट १३,७८९ भएर ६,९५१ वक्ता सङ्ख्या वृद्धि भएको पाइन्छ। डडेल्धुरेली भाषा सन् २०११ मा शून्य रहेकोमा सन् २०२१ म ३७,८१६ गणना भएको छ। कैलाली जिल्लामा सन् २०११ मा ३५८ रहेकोमा पछिल्लो जनगणनामा १२,६०१ भएर १२,२४३ मा वृद्धि भएको पाइन्छ। कञ्चनपुर जिल्लामा १२८ भएकोमा राष्ट्रिय जनगणनामा २३,१६० भएर २३,०३२ वृद्धि भएको पाइन्छ। यसरी पछिल्लो जनगणनामा डडेल्धुरेली भाषाका वक्ता सङ्ख्यामा व्यापक वृद्धि भएको पाइन्छ।

## खण्ड दुईः भाषा संरक्षण तथा संवर्धन

### ४.४ भाषिक विभाजनको प्रभाव

राष्ट्रिय जनगणना सन् २०११ मा कैलाली जिल्लामा थारु भाषाका वक्ता सङ्ख्या ३,१८,८३७ र कञ्चनपुर जिल्लामा १,४४,७७३ गणना भएको थियो। सन् २०२१ को जनगणनामा थारु भाषाका वक्ता सङ्ख्या कैलाली जिल्लामा ३,२७,३४२ र कञ्चनपुर जिल्लामा ७३, ६६३ रहेको देखिन्छ। यसरी नै सन् २०२१ को जनगणना अनुसार राना थारु भाषाका वक्ता कैलाली जिल्लामा १९,३२५ र कञ्चनपुर जिल्लामा ५७,४१२ रहेको पाइयो। विगतमा थारु भाषा भनेर गणना भएकोमा पछि थारु भाषा र राना थारु भाषा भनेर अलगअलग भाषाका रूपमा छुट्टिएपछि यसको व्यापक प्रभाव देखियो। डगौरा थारुहरू आफ्नो वक्ता सङ्ख्या घटेकोमा दुखी भए भने राना थारु कतै प्रदेशको सरकारी कामकाजको भाषामा आफ्नो प्रतिनिधित्व नहुने हो कि भनेर चिन्तामा छन्। यस बिषयमा चर्चा परिचर्चा भइरहेकै छ।

### ४.५ पहिचानको अस्थिरता

प्रदेशका सन्दर्भमा सबैभन्दा महत्वपूर्ण पक्ष पहिचानको अस्थिरता देखिएको छ। पहाडी जिल्लाका मानिसमध्ये कसैले डोटेली भाषा भनेर लेखाउनु र कसैले आफ्नो जिल्लाको नाममा रहेको भाषा लेखाउनुले आफ्नो भाषिक पहिचानको बारेमा स्पष्ट हुन नसकेको पाइयो। सन् २०११ को जनगणनामा बाजुरा र डडेल्धुरामा बाजुरेली र डडेल्धुरेली शून्य वक्ता सङ्ख्या देखिनु तर सन् २०२१ को जनगणनामा अत्यधिक वृद्धि हुनु स्थानीय पहिचानको राजनीति प्रभावी हुनु हो। सन् २०११ मा डडेल्धुरामा डोटेली भाषा अत्यधिक देखिएकोमा सन् २०२१ मा त्यसमा धेरै कमी आएको देखिन्छ। सन् २०११ म बाजुरामा नेपाली भाषा पहिलो स्थानमा रहेको थियो। सन् २०११ मा बाजुरामा शून्य अवस्थामा रहेको बाजुरेली भाषा सन् २०२१ मा आइपुग्दा अत्यधिक वृद्धि भएको पाइयो। एउटै जिल्लामा एउटा अवस्थामा एक खाले र अर्को अवस्थामा अर्को खाले सर्वेक्षण आउनु जनतामा आफ्नो भाषाप्रतिको स्पष्टताको अभाव हो। यसरी नै सन् २०११ मा प्रभावशाली रहेको डोटेली भाषाका वक्ता सङ्ख्या सन् २०२१ मा कम देखिनु, अन्य पहाडी मूलका भाषाको सङ्ख्यामा अत्यधिक वृद्धि भएको देखिनुले भाषिक पहिचानको अस्थिरता देखिन्छ। यसै सन्दर्भमा सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसहरू पुस्तकको अध्याय दशअन्तर्गत सुदूरपश्चिम प्रदेशको भाषिक अध्ययनको निष्कर्षमा "सुदूरपश्चिमका बासिन्दाले पहाडी जिल्लाहरूमा बोल्ने भाषाहरूलाई जिल्लाको नाममा नामाङ्कन गरी भिन्न भाषा भएको दाबी गर्दै आएका छन्। डोट्याली भाषाका केही अभियन्ताहरूले यस प्रदेशको पहाडी क्षेत्रका भाषिक स्वरूपलाई डोटेली भाषा नामाङ्कन गरी सोहीअनुसार भाषिक अध्ययन समेत गरेका छन् (सिफारिस, २०७८:१४४) भनिएको छ। यस अध्ययनले यस क्षेत्रमा भाषासम्बन्धी विविध बुझाइ रहेको तथ्यलाई पुष्टि गरेको छ।

दिपेन्द्र कुरुङवाङले भाषा निर्धारण सम्बन्धमा आफ्नो विचार प्रस्तुत गर्ने क्रममा "नेपालमा हालसम्म भाषावैज्ञानिक आधारमा भाषिक सर्वेक्षण नभएकोले भाषाहरूको यकिन तथ्याङ्क आउन नसकेको उल्लेख गरेका छन्। राष्ट्रिय जनगणनामा जाति र भाषासम्बन्धी

तथ्याङ्क लिँदा सूचकले जे उत्तर दिन्छ, त्यहीअनुसार लिनुपर्ने हुन्छ (कुरुम्बाङ, २०८०, पृ. १०५) भनेका छन्। सुदूरपश्चिम प्रदेशको भाषा सम्बन्धमा पनि यही कुरा लागू भएको छ। भाषाको आधिकारिक संस्थाबाट आधिकारिक अध्ययन भएर सही तथ्य नआएको अवस्थामा जनतामा विभिन्न खाले भ्रम रहनुले भाषिक पहिचानको अस्थिरतालाई देखाउँछ।

सुदूरपश्चिम प्रदेशका पहाडीमूलका भाषाका सम्बन्धमा अनेक मत पाइन्छन्। भाषासम्बन्धी अध्येता वासुदेव भाइसाबले, "डोट्याली भाषा डोटी प्रदेशको मूल भाषा हो। यहाँ नेपालका दार्चुला, बैतडी, डडेल्धुरा, डोटीलगायत बझाङको चीर बुङ्गल र अछामका केही भागमा परम्परादेखि बोलिँदै आएको भाषा हो। हाल कैलाली र कञ्चनपुर जिल्लामा समेत बहुसङ्ख्यक जनताले यस भाषाको प्रयोग गर्दै आएका छन् (भाइसाब, २०६५, पृ. ३५) भनेको पाइन्छ। यस भनाइले डोटेली भाषा कुनै जिल्लाको भाषा नभएर यसको भाषिक भूगोल वा क्षेत्र विस्तृत भएको देखाउँछ। हाल आएर जिल्लागत रूपमा राष्ट्रिय जनगणनामा भाषाका नाम तोकिनु, विश्वविद्यालय तहमा कुनै भाषावैज्ञानिक अध्ययनबिना जिल्लाका नाममा आएका भाषाका नाममा अध्ययन अनुसन्धान कार्य अघि बढाउनु, भाषिक पहिचानको राजनीति हाबी भएर फरक किसिमले तथ्याङ्क आउनुले भ्रम सिर्जना भएको छ। यस विषयमा आवश्यक अनुसन्धानको आवश्यकताबोध हुन्छ।

## ४.६ निष्कर्ष

कुनै पनि भाषा एक अर्कोसँग कति नजिक छ भन्ने कुरा बोधगम्यताले छुट्टयाउँछ। प्रदेशका अधिकांश पहाडी मूलका भाषामा बोधगम्यता पाइन्छ। कुन भाषा कोसँग नजिक वा टाढा भन्ने कुरा भाषावैज्ञानिक अध्ययनबाट निर्धारण हुने कुरा हो। यस क्षेत्रका भाषालाई नेपालीसँग तुलना गरेर अलग साबित गर्न खोज्ने तर यहाँका मातृभाषाका बीचको अन्तरसम्बन्धको पहिचान गर्न नखोज्ने प्रवृत्तिले यहाँका भाषाको विकास अवरुद्ध हुँदै आएको छ। पहाडी मूलका भाषाको अन्तर्सम्बन्धमा केन्द्रित भएर आधिकारिक संस्थाबाट आधिकारिक अध्ययन गरेर ठोस निष्कर्षसहित अघि बढेमा यस क्षेत्रको भाषाका बारेमा देखिएका भिन्न विचारको सही व्यवस्थापन हुने देखिन्छ।

## सन्दर्भ सूची

कुरुम्वाङ, दीपेन्द्र. (२०८०). भाषा राजनीति र प्रदेशमा भाषाहरूको स्थिति, *भाषालोक* ।

तामाङ, अमृत. (२०८१). *नेपालका भाषाहरू.* म्हेन्दो ट्रष्ट।

नेपाल सरकार. (२०७२). *नेपालको संविधान.* कानून किताब व्यवस्था समिति।

भाइसाब, वासुदेव. (२०६५). डोटेली लोकसंस्कृतिका थुप्रै विशिष्ट पक्ष छन् (पुष्कर राज भट्ट, अन्तर्वार्ताकार), *सुदूरपश्चिममा मातृभाषा साहित्य.* बनेपा।

भाषा आयोग. (२०७८). *सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसहरू* ।

विकिपिडिया. (मिति उपलब्ध नभएको). *सुदूरपश्चिम प्रदेश.* https://hi.wikipedia.org/wiki/सुदूरपश्चिम प्रदेश।

Central Bureau of Statistics. (2011). *National population and housing census 2011.* Central Bureau of Statistics.

National Statistics Office. (2021). *National population and housing census 2021: National report on caste/ethnicity, language and religion*. National Statistics Office.